मोहन बहादुर बस्नेत
Mohan Bahadur Basnet
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

☎: ०१-४-२६२५३४
: 01-4-262534
फ्याक्स: ०१-४-२६२५६५
Fax: 01-4-262565
Website: www.mohp.gov.np
रामशाहपथ, काठमाडौँ, नेपाल
Ramshahpath, Kathmandu, Nepal

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

पत्र संख्या(Ref. No.): 080/81 चलानी नं.(Dispatch No.): 80 मिति(Date):................................



## शुभकामना

एचआईभीको महामारी नियन्त्रण प्रयासमा विगत दुई दशकमा नेपालले उल्लेखनीय उपलब्धी हासिल गरेको छ। सन् २०१० देखी २०२२ सम्ममा नयाँ एचआईभी सक्रमण दर करिब ७७ प्रतिशतले घटेको छ भने एड्सबाट हुने मृत्यु ८० प्रतिशतले घटेको छ। संक्रमणकालीन परिस्थिति र चुनौतिपूर्ण परिवेशमा एचआईभी नियन्त्रणका प्रयासहरूलाई निरन्तरता दिई सफलता हासिल गर्न योगदान गर्ने सम्पूर्ण स्वास्थ्यकर्मीहरु र सरोकारवाला निकायहरुलाई तथा एचआईभी संक्रमित र मुख्य जोखिम समुदायहरुलाई ३६औं विश्व एड्स दिवसको अवसरमा धन्यवाद दिन चाहन्छु। हाम्रा यी उपब्धीहरुलाई कायम राख्दै दिगो विकास लक्ष्य प्राप्ती गर्ने मार्गमा सक्रियतापूर्वक अग्रसर हुन आग्रह गर्दछु। एचआईभीको ९५-९५-९५ को लक्ष्यहरु (९५ प्रतिशत एचआईभी सक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९५ प्रतिशतले एआरभी औषधी उपचारमा पँहुच हुने र ती औषधी खानेहरु मध्ये ९५ प्रतिशतको शरीरमा भाईरसको भार न्यून हुने) लाई मूर्तरुप दिन टेवा पुग्ने अभिप्रायले यस वर्ष डिसेम्बर १ तारिखका दिन **"समुदायको नेतृत्वमा एड्सको अन्त्य गरौं"** भन्ने मूल नाराका साथ विश्व एड्स दिवस मनाइदै छ।

एचआईभीका कार्यक्रमहरुलाई थप प्रभावकारी गराउन र हाल गरिरहेका कार्यक्रमहरुलाई सुदृढीकरण गर्न समुदायको अर्थपुर्ण सहभागिता र सहकार्य अति आवश्यक रहेको हुँदा आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गरिदिनहुन सबैमा हार्दिक अनुरोध गर्दछु। यस पवित्र कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सहयोग गर्न सदैव प्रतिबद्ध रहेको छ।

अन्त्यमा ३६औं विश्व एड्स दिवस २०२३ को अवसरमा एचआईभीको रोकथाम तथा नियन्त्रणका लागि पुऱ्याउनु भएको अमूल्य सहयोगका लागि सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु।

धन्यबाद।

**१२ मङ्सिर, २०८०**

**मोहन बहादुर बस्नेत**
**मन्त्री**